नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

निर्णयहरू:-

१. नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७-०२-२८ गतेको देहायका निर्णयहरू कार्यान्वयनका लागि श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. ४१५२, मिति २०७७-०२-२९ को पत्रबाट लेखि आएको हुँदा उक्त निर्णयहरू यस जिल्लामा कार्यान्वयन गर्ने, गराउने ।

तपशील:-

१.१ देहायबमोजिमका सेवा र कार्यहरू हाललाई सञ्चालन नगर्ने:-

(क) शैक्षिक संस्थाहरू (विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र),
(ख) अनुमतिप्राप्त बाहेकका अन्तर्राष्ट्रिय तथा आन्तरिक उडानहरू,
(ग) तोकिएबाहेकका अन्तर्राष्ट्रिय सीमा नाकाबाट हुने आवतजावत,
(घ) सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार,
(ङ) सबै प्रकारका प्रदर्शन, भेला तथा सम्मेलन,
(च) सिनेमा हल, पार्टी प्यालेस, डान्सबार लगायतका मनोरञ्जन स्थल,
(छ) सार्वजनिक पुस्तकालय, सङ्ग्रहालय, चिडियाखाना,
(ज) स्पा, सैलुन तथा ब्युटी पार्लर,
(झ) स्विमिङ पुल, जिमखाना लगायत हेल्थ क्लब,
(ञ) सपिङ मल,
(ट) समूहमा खेलिने खेलकुद र खेलमैदानमा हुने प्रस्तुति,
(ठ) सबै प्रकारका धार्मिक तथा सामाजिक स्थल,
(ड) यात्रुबाहक सार्वजनिक सवारी साधन (पर्यटन सवारी साधनसमेत),
(ढ) काठमाडौं उपत्यकाको हकमा काठमाडौं उपत्यकाभित्र र अन्य जिल्लाको हकमा सम्बन्धित जिल्लाभित्र मात्र जोर बिजोर प्रणालीमा सञ्चालन हुने निजी सवारी साधन बाहेक अन्य निजी सवारी साधन ।

१.२ दुई मिटरको सामाजिक दूरी कायम गर्ने, मास्क प्रयोग गर्ने, पटकपटक साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने लगायतका जनस्वास्थ्यका मापदण्ड र सुरक्षाका मापदण्ड अनिवार्य रुपमा पालना गर्ने गरी देहायबमोजिमका सेवा र कार्यहरू सञ्चालन गर्ने:-

(क) स्वास्थ्यसँग सम्बन्धित सबै सेवा (निजी क्लिनिकसमेत),
(ख) सबै प्रकारका कृषि र पशुपन्छी व्यवसाय (उत्पादनदेखि बिक्री वितरणसम्मका सबै श्रृङ्खला),
(ग) उद्योग, व्यापार, व्यवसाय, पसल, डिपार्टमेन्ट स्टोर,
(घ) सबै प्रकारका ढुवानी,
(ङ) पैदल आवागमन,
(च) साइकल र मोटरसाइकल (चालक मात्र रहने गरी),
(छ) काठमाडौं उपत्यकाको हकमा काठमाडौं उपत्यकाभित्र र अन्य जिल्लाको हकमा सम्बन्धित जिल्ला भित्र मात्र जोर बिजोर प्रणालीमा सञ्चालन हुने गरी निजी सवारी साधन (चालकबाहेक थप २ जनासम्म मात्र सवार हुने),
(ज) फोहोरमैला व्यवस्थापन,
(झ) विद्युत, दमकल, एम्बुलेन्स, सञ्चार तथा प्रशारण, हुलाकसम्बन्धी सेवा,

दिपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

(ञ) बैंक तथा वित्तीय संस्था, सहकारी र बीमा सेवा,

(ट) नर्सरी र वनजन्य उद्यम,

(ठ) विकास आयोजना (निजी क्षेत्रबाट प्रवर्द्धितसमेत),

(ड) निर्माण कार्य (निजीसमेत),

(ढ) नदी तथा खानीजन्य पदार्थ उत्खनन्, सङ्कलन, ढुवानी र बिक्रीवितरण,

(ण) रेष्टुरेण्टबाट हुने प्याकिङ तथा टेक अवे सेवा,

(त) क्वारेन्टिनका लागि तोकिएका होटल र यातायातका साधन,

(थ) सरकारी कार्यालय, शिक्षण संस्थाका कार्यालय, गैरसरकारी तथा निजी क्षेत्रका कार्यालय र बैंक तथा वित्तीय संस्थाहरू (बिहान ८ बजेदेखि दिउँसो १ बजेसम्म र दिउँसो १ बजेदेखि साँझ ६ बजेसम्म दुई सिफ्टमा सञ्चालन गर्ने),

(द) सार्वजनिक तथा जोर बिजोर प्रणालीमा सञ्चालन हुने गरी निजी सेवाप्रदायक कार्यालयका श्रमिक तथा कर्मचारी ओसारपसार गर्न प्रयोग गरिने सवारी साधन (सीटको एक लहरमा एक जना यात्रु मात्रै राख्ने, सबै यात्रुले अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, स्यानिटाइजरको व्यवस्था गर्ने, सवारी साधनलाई दैनिक निसंक्रमित गर्ने) ।

उपर्युक्त सेवा तथा कार्य सञ्चालन गर्दा सम्बन्धित मन्त्रालयले जनस्वास्थ्य र सुरक्षा मापदण्डका आधारमा आ-आफ्नो कार्यक्षेत्रभित्र पर्ने विषयहरूको सम्बन्धमा आवश्यक प्रोटोकल जारी गरी लागू गर्नुपर्नेछ । यस आदेशको क्रमसंख्या १.२ को खण्ड (ञ), (थ) र (द) बमोजिमको व्यवस्था २०७७ असार १ गतेदेखि र अन्य व्यवस्था तत्काल प्रारम्भ भई २१ दिनसम्म रहनेछ । परिस्थितिको समीक्षा एवं संक्रमणको जोखिम विश्लेषणका आधारमा उल्लिखित व्यवस्थामा आवश्यक हेरफेर एवं थपघट गर्न सकिनेछ ।

२. कोभिड-१९ को संक्रमणबाट यस जिल्लामा कुनै व्यक्तिको मृत्यु भएको खण्डमा सुरक्षित तवरमा शव व्यवस्थापन गर्नका लागि आवश्यक पर्ने **PPE** लगायतका सामग्रीहरू (हाललाई ५ शव व्यवस्थापनका लागि आवश्यक २० सेट) जिल्ला स्वास्थ्य कार्यालय, मकवानपुरले नेपाली सेना, पुरानो गोरख गण, सुपारेटार ब्यारेकलाई स्टकको लागि उपलब्ध गराउने । साथै, सबै स्थानिय तहहरूले समेत कम्तिमा ५ वटा शव व्यवस्थापनको लागि आवश्यक पर्ने **PPE** लगायतका २० सेट सामग्रीहरूको व्यवस्था गर्ने ।

०७७।२।३०

दिपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी